लेखापरीक्षण प्रतिवेदन

बाणगंगा नगरपालिका, कपिलवस्तु

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बाणगंगा नगरपालिका, कपिलवस्तु

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि

(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य

(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता

(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख — महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-११

च.न.:FAR/2080-81/LOC/692

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
बाणगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बाणगंगा, कपिलवस्तु ।

कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ३७ करोड ७७ लाख २८ हजार, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको ११ लाख ३६ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३७ लाख ८० हजार र महामारी रोग नियन्त्रण कार्यक्रमको रू १४ लाख ८१ हजार समेत गरी रु. ३८ करोड ४१ लाख २५ हजार समावेश गरेको छैन ।

२. नगरपालिकाको रु ३ अर्व २ करोड २५ लाख १० हजारको लेखापरीक्षण गरिएकोमा रू २ करोड ३६ लाख ४३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु ४ लाख ३१ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रू २ करोड ३२ लाख १२ हजारमध्ये असुल गर्नुपर्ने रू १६ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ३१ लाख ९६ हजार रहेको छ । गत वर्षसम्म रु. १६ करोड ६८ लाख ७२ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट रू ४ करोड ४७ लाख ८० हजार फछ्यौंट तथा रू ६० लाख ९ हजार थप कायम भई हालसम्मको अद्यावधिक बेरुजू रु. १५ करोड १३ लाख १३ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

अन्य बेहोरा

यस नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी बाणगंगा नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक

निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
३०	३५	२,३६,४२,७६४	०	२८	४,३१,१६८	०	३०	७	२,३२,११,५९६	१५,६८७	२,३१,९५,९०८	०	०	०	२,३१,९५,९०८	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्योंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
कपिलवस्तु	१६,६८,७२,०००	०	४,४७,७९,८०४	१२,२०,९२,१९६	६०,०९,५०१	२,३२,११,५९६	१५,१३,१३,२९३

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	१६	विद्यालय छात्रवृत्ति	२७,६००
२	२०८०/८१	१५	बढी ग्रेड भुक्तानी	२०,८२३
३	२०८०/८१	१९	पारिश्रमिक कर	१०,५१९
४	२०८०/८१	१८	नि:शुल्क पाठ्यपुस्तक	८४,६४३

५	२०८०/८१	२२.२	दिवा खाजा	१,७१,०८३
६	२०८०/८१	१४	अवकाश प्राप्त शिक्षकको तलब बढी भुक्तानी	१,१६,५००
७	२०७९/८०	४४	विद्यालय सहयोगी	१,०४,०००
८	२०७९/८०	६४	रितपूर्बकको बिजक पेश नभएको	२,६७,३१५
९	२०७९/८०	२८	फरक खर्च शिर्षक	७,००,०२६
१०	२०७९/८०	४५	फरक खर्च शिर्षक	५२,००,०००
११	२०७९/८०	२४	खर्चको पुष्टयाइ	४,३८,५७१
१२	२०७९/८०	५९	कोइलि खोलामा बुटकहावा ट्रस पुलको नगरपालिकाले नब्यहोरेको	१,६१,४४६
१३	२०७८/७९	६८	सुविधा	८१,६००
१४	२०७८/७९	७२	धरौटी फिर्ता	२,८९,७३९
१५	२०७८/७९	६३	खर्च शिर्षक	९,९०,५६०
१६	२०७८/७९	६६	कराका कर्मचारीलाई सुविधा	६८,०००
१७	२०७८/७९	५३	आन्तरिक लेखापरीक्षण	५,३३,७९१
१८	२०७८/७९	५४	अन्य कार्यालय खर्च	५९,२०२
१९	२०७८/७९	७८	मुल्य अभिबद्धि कर कट्टी नगरेको	४४,३३१
२०	२०७८/७९	८१	शिर्षक फरक पारी खर्च	४,९७,८७८
२१	२०७८/७९	८६	बढी भुक्तानी	१०,५००
२२	२०७८/७९	९५	प्राविधिक ल्याव कार्यक्रम	९,००,०००
२३	२०७८/७९	९८	रितपूर्वकको कर विजक	४०,४००
२४	२०७८/७९	१०२	अन्य प्रयोजन खर्च	१९,९१,४४३
२५	२०७७/७८	२८.२	कार्यक्रम खर्च	२१,००,०००
२६	२०७७/७८	२२.४	उपभोक्ता समिति तर्फ	१,६७,६०२
२७	२०७७/७८	३०	आय ड्केक्का	१,१९,९९,९९९
२८	२०७७/७८	३२.२	अनुदान फिर्ता	१,५०,००,०००
२९	२०७७/७८	४.२	प्रमाण पेशन गर्नुपर्ने	३१,३३,४००
जम्मा				४,५२,१०,९७२

लेखापरीक्षण बक्यौताको विवरण

कार्यालय कोड	कार्यालयको नाम
विगतको लेखापरीक्षण बक्यौता नरहेको	

(८०५४९४०३३०० - बाणगंगा नगरपालिका, कपिलवस्तु)

बाणगंगा नगरपालिका , कपिलबस्तु

परिचय

१ **परिचय** -

(क) कार्यालय परिचय :-स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी ,कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले बाणगंगा नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ११ वडा , २३३.६ वर्ग किलोमिटर क्षेत्रफल तथा ९६७१४ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस नगरपालिकाको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०९।२९ देखि २०८१।१०।०३ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय – व्ययतर्फ रु. ३,०२,२५,१०.०००।०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा रु १५,४३,७३७।- असुल भएको छ । असुल रकम मध्ये दोहोरो

प्रोत्साहन भत्ता रु ४,८८,१८७।- ,योजना फरफारक भत्ता रु ३,७४,०००।, योजना अनुगमन भत्ता रु ४,१५,५००।- र खरिद इकाई समितिको भत्ता रु २,६६,०५०।- लगायत रहेको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेटनिकाय)		
क्र.स./आर्थिक सङ्केत	चालु आ.ब.को कारोबार	गतआ.ब. को कारोबार
	जम्मा	जम्मा
११०००	२२,३१,१८,१०४.०६	१९,३६,४७,२८३.८०
१३०००	६७,९२,९७,७४१.५०	७९,५१,४६,०७०.२७
१४०००	६,५७,९९,४४९.२६	६,९६,४३,४३३.५३
१५०००	०	१,४५०.००
क	९६,८२,१५,२९४.८२	१,०५,८४,३८,२३७.६०
३	६३,५१,३३,८१४.१३	६३,९७,०७,३८२.७१
२१०००	३९,१६,९०,७३१.४१	३८,३४,९४,४४०.३३
२२०००	२२,०१,६२,४७३.७२	२१,३४,१९,४४७.२८
२५०००	१,७७,९१,९३४.००	२,०१,०७,८१७.१०
२६०००	०	१७,९५०.००
२७०००	४२,७६,१०८.००	१,९२,९८,३१८.००
२८०००	१२,१२,५६७.००	३३,६९,४१०.००
४	४३,४७,८९,४५७.००	४०,९७,०४,१८३.८२
३१११०	२,८०,१०,३२५.००	६,९२,१६,७७२.००
३११२०	१,७३,१८,२२३.००	९२,६१,९७६.८२
३११३०	०	२७,००,०००.००
३११४०	०	१०,८४,०००.००
३११५०	३८,४०,३९,१५३.००	३२,५१,२६,१९४.००
३११६०	४९,२१,७५६.००	१०,६०,७४१.००
३११७०	०	१२,५४,५००.००
३१३१०	५,००,०००.००	०
ख)	१,०६,९९,२३,२७१.१३	१,०४,९४,११,५६६.५३
ग)	(१०,१७,०७,९७६.३१)	९०,२६,६७१.०७
घ)	(४२,९५,४४०.०७)	(२,८९,४१,७९२.१५)
घ.१)	-३३,०३६.००	
ङ)	(१०,६०,०३,४१६.३८)	(१,९९,१५,१२१.०८)
च)	३०,६२,८०,१२७.५८	३२,६१,९५,२४८.६६
छ)	२०,०२,७६,७११.२०	३०,६२,८०,१२७.५८

३ **वित्तीय विवरणको यथार्थता -**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ३७,७७,२७,९४६।- , शिक्षा तथा मानव स्रोत विकास केन्द्रको रु. ११,३६,०००।– ,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३७,८०,०००। र महामारी रोग नियन्त्रण कार्यक्रमको रु. १४,८१,३५०।– समेत गरी रु.३८,४१,२५,२९६।- एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

४ **नीति तथा कार्यक्रम -**

४.१ नगरपालिकाको मिति २०८०।३।९ मा पेश भएको नीति तथा कार्यक्रम लाई मध्यनजर गरी बजेटको व्यवस्था गर्नुपर्ने र कार्यक्रमको आधारमा बजेट व्यवस्था गरी कार्यान्वियन गर्दै जानुपर्दछ। नगरपालिकाले देहायका कार्यक्रम नीति तथा कार्यक्रममा उल्लेख भएको ,केही कार्यक्रममा बजेटको व्यवस्था रहेको तर कार्यान्वियन नभएको अवस्था छ। नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रममा बजेट व्यवस्था गरी कार्यान्वियन गर्नुपर्दछ।

कार्यक्रम	**बजेट**	**कार्यान्वयनको अवस्था**
पिपरा अस्पताललाई ट्रमा सेन्टरको रुपमा स्तरोन्नति गर्ने	-	-
एक घर ,एक धारा	-	-
आयुर्वेद औषधालयलाई आयुर्वेद अस्पतालमा रुपान्तरण गर्ने	-	-
बाणगंगा चक्रपथ निर्माण	१५०००००।	-
बाणगंगा करिडोर निर्माण	-	-
फोहोर व्यवस्थापन। ल्याण्ड फिल्ड साइड निर्माण	२००००००।	-

४.२ बाणगंगा चक्रपथ आयोजनाको प्रथम डि. पी. आर कूल लागत रु १,२१८०,४४,८३७।- (ch 0+००० देखि १३+८७४.१३) रहेको प्रतिवेदन तथा कूल लागत रु १,०९,२०,४५,६४४।- (ch १३ +५३५ देखि २७ + ४०९) रहेको दोश्रो डि. पी. आर दुवै नयाँ राष्ट्रिय इन्जिनियर्स कन्सल्टेन्सी बाट तयार गरी प्रतिवेदन सेप्टेम्बर २०१९ मा प्राप्त भएको देखिन्छ। सेप्टेम्बर २०१९ मा तयार भएको डि. पी. आर बमोजिम योजना संचालन भै सम्पन्न भै सक्नुपर्नेमा आ. व. ०८०।८१ सम्म सो योजनामा कुनै कार्य भएको छैन।पालिकाले गौरवको रुपमा रहेको यस योजनामा आ. व ०८०।८१ मा रु १५,००,०००।- बजेट विनियोजन भएको तर कार्यान्वयन नभएको र आ. व ०८१।८२ मा समेत बजेट व्यवस्था भएको छैन। योजना सम्पन्न गर्ने तर्फ नगरपालिकाले समयमा नै ध्यान दिएको देखिएन।

५ **त्रैमासिक खर्च-**

नगरपालिकाको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्दछ।नगरपालिकाको पूजिगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

(रकम रु हजारमा)

क्र.स	बजेट	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	पूँजिगत खर्चतर्फ	४३४७८९	६८४४	१४५६८	१०५००९	३०८३६७	१४९३६५
२	प्रतिशत		१.५७	३.३५	२४.१५	७०.९२	३४.३५

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ७०.९२ प्रतिशत तथा आषाढ महिनामा ३४.३५ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने,अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले पालिकाले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्दछ।

६ **योजनाको प्राथमिकीरण** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल ५२९ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	**कार्यक्रमको नाम**	**योजना सङ्ख्या**	**रु.२० लाख माथिका योजना सङ्ख्या**	**रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या**	**रु.५ लाख भन्दा कमका योजना सङ्ख्या**
१.	पालिकास्तरीय/	५२९	६८	२७०	१९१

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिको खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ नगरपालिकाले प्रतिफलमुखी र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु कार्यान्वियन गर्नुपर्दछ।

७ **आन्तरिक नियन्त्रण प्रणाली** -

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाले कार्यक्रमको उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु. ४३ करोड ४७ लाखको खरिद गुरुयोजना तयार नगरी खर्च गरेको छ।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु .५० लाख ९३ हजार खर्च लेखेकोमा भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।
- आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.३७ लाख ३५ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।
- उपभोक्ता समितिलाई निर्माण सम्पन्न भएका योजनाहरु हस्तान्तरण गरेको छैन।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेकोछैन।

तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुद्दृड वनाउनु पर्दछ।

८ **अबण्डा बजेट** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु ३ करोड २५ लाख अबण्डा बजेट व्यवस्था गरी ६६ योजना संचालन गरेको छ। अबण्डामा बजेट राखी कार्यपालिकाको निर्णय बाट रकमान्तर गरी खर्च गरेको तथा नयाँ कार्यक्रममा समेत बजेट विनियोजन गरी खर्च गरेको छ। बजेट व्यवस्थापनलाई पारदर्शिता र पद्धतिमा आधारित बनाई शूरु बजेटमा नै विनियोजन गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ।

कार्यक्रम	**बजेट**	**कैफियत**
शैक्षिक संस्था मर्मत तथा पूर्वाधार विकास	७५,००,०००।-	कार्यपालिकाको मिति २०८१-१-१८ को निर्णयले २३ विद्यालयको मर्मत सुधारमा रकमान्तर गरेको
मागमा आधारित नगर प्रमुख आकस्मिक पूर्वाधार विकास कार्यक्रम	१,५०,००,०००।-	कार्यपालिकाको मिति २०८१-१-१८ को निर्णयले ४० कार्यक्रममा रकमान्तर
सार्वजनिक जग्गा संरक्षण	२५,००,०००।-	३ योजनामा खर्च गरेको।
छाडा चौपाया व्यवस्थापन पूर्वाधार निर्माण	७५,००,०००।-	

९ **अवकास कोष-**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तिभरण,औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष कर्मचारी कल्याण कोषमा रु १५,००,०००।- विनियोजन गरेपनि कोषको कार्यविधि तयार गरी अवकाष कोष संचालनमा ल्याएको छैन। नियमावलीले गरेको व्यवस्था बमोजिम कार्यविधि तयार गरी कोष संचालनमा ल्याउनुपर्दछ।

१० **तलवी प्रतिवेदन** -

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | आन्तरिक लेखापरीक्षकद्धारा मिति २०८०।०४।०५ मा पारित तलबी प्रतिवेदनको आधारमा तलब खर्च रु ९,०६,९६,९५५।-लेखेको पालिकाको भनाई रहेको छ। तलबी प्रतिवेदन कुन निकायबाट पारित गर्ने सम्बन्धी कानूनी व्यवस्था भएको छैन ।।

११ **कानुनी सल्लाहकार-**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड अनुसार खर्च गरेको देखाए तापनि सो परिपत्रको आधारमा खर्च गर्न मिल्दैन । नगरपालिकाले यस वर्ष १ जना कानूनी सल्लाहकार र १ जना स्वकीय सचिव नियुक्त गरी मासिक रु. २०,०००।- र १०,०००।- का दरले चाडपर्व खर्च र पोशाक समेत रु .४,०१,६०८।- पारिश्रमिक भुक्तानी दिएको छ । उल्लेखित ऐनमा समावेश गरेरमात्र यस्तो खर्च लेख्नुपर्नेमा समावेश नगरी गरेको खर्च नियमसम्मत मान्न नसकिएको रु

अनियमित भएको	४,०१,६०८

१२ **गत विगतको भुक्तानी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. २,०८,००,०००।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१३ **आर्थिक सहायता -**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। नगरपालिकाले यो वर्ष विभिन्न ३३५ संघसंस्था र व्यक्तिहरुलाई उपचार ,आर्थिक सहयोग , प्रेस चौतारी कार्यक्रमको लिफ्ट मर्मत तथा सहायता,विश्व हिन्दुमहासंघ नेपाललाई सहयोग,नेपाल नगरपालिका संघलाई सहायता,साइ क्लिङ प्रतियोगिता सहयोग , विभिन्न उपचार ,माघी महोत्सव, सराय नाँच, लाखे नाच गाईजात्रा तथा संस्कृति संरक्षण लगायतको सहयोग को लागि रु. १८,४७,९८०।- आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याइ गरेको छैन। निश्चित विधि र मापदण्ड तयार गरी उत्पादनमूलक र रोजगारी सृजना गर्ने कार्यक्रममा आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा ध्यान दिनुपर्दछ।

१४ **अवकाश प्राप्त शिक्षकको तलब बढी भुक्तानी-**

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **११६,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१५ **बढी ग्रेड भुक्तानी**

शिक्षा नियमावली २०५९ को नियम १०२ मा बढुवा हुने शिक्षकको तलवमान सम्बन्धी व्यवस्था गरेको छ । पालिकाको देहायका शिक्षकको तलव भुक्तानी गर्दा बढी भुक्तनी भएको ग्रेड संचयकोष समेत असुल हुनुपर्ने रू

सि.नं.	शिक्षककोनाम	भुक्तानीभएको ग्रेड	भुक्तानीहुनुपर्ने ग्रेड	बढीभुक्तनी ग्रेड संख्या	ग्रेडदर	महिना	बढीभुक्तानी ग्रेड
१	बाबुराम घिमिरे-जनता मा.वि.	४	३	१	१०९७	१३ चाडपर्वसमेत	१५६८७

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२०,८२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	१५,६८७

१६ **विद्यालय छात्रवृत्ति**

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **३,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१७ **न्यानो झोला**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुति संख्याको अनुमान गरी स्वास्थ्यसंस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार न्यानोझोला खरिद गरी गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका तीन बर्थिङ सेन्टरमा गत वर्ष ५५५ थानको रु ४९९२११.०० र यस वर्ष ५५० थानको रु. ४९०९८५.०० खरिद गरेकोमा गत वर्ष २२१ जना र यस वर्ष २१० जना र गरी ४३१ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा ७१४ थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ आवश्यकताको विश्लेषण गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

१८ **नि:शुल्क पाठ्यपुस्तक**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **३,१६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **९,६७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **४१,७६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **४,१६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **२२,५२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **३,३४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१९ **पारिश्रमिक कर**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१०,५१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२० **निःशुल्क शिक्षा** -

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली , २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

२१ **निःशुल्क सेनेटरी प्याड-**

मानव श्रोत तथा विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.२३ मा सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क स्यानिटेरी प्याड व्यवस्थापन सम्बन्धी व्यवस्था गरिएको छ। सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुलाई वार्षिक १० महिना अवधिका लागि निःशुल्क सेनेटरी प्याड उपलब्ध गराउने गरी स्थानीय तहले व्यवस्थापन गर्नुपर्ने व्यवस्था निर्देशिकाले गरेको छ। सो कार्यका लागि यो वर्ष रु ४८,३१,०००।- बजेट व्यवस्था रहेको छ। पालिकाले विद्यालयहरुमा गत विगतको मौज्दातको अवस्था यकिन गरी आवश्यक मात्रामा नियमानुसार खरिद गरी वितरण गर्ने र सो को अनुगमन समेत गर्नुपर्ने अवस्थामा यस वर्ष नगरपालिकाले रु ६,१२,०००।- को सेनेटरी प्याड डिस्पोजल मेशिन खरिद गरी वितरण गरेको छ। पालिकाले उपलब्ध गराएको विवरण वमोजिम कक्षा ६ देखि १२ सम्मका ४५५३ छात्राको लागि निर्देशिका बमोजिम ९१०६० प्याकेट आवश्यक पर्दछ।पालिकाबाट यो वर्ष ५१९६० प्याकेट विद्यालयमा पठाइएको कारण ३९१०० प्याकेट नपुग्ने देखिन्छ। पालिकाले विद्यालयहरु सँग तथ्याङ्क संकलन गरी नपुग संख्यामा खरिद प्रकृया अपनाई समयमा नै विद्यालयमा छात्राहरूले प्राप्त गर्ने गरी व्यवस्थापन गर्नुपर्नेमा सो नगरी बजेट फ्रिज गरेको देखिन्छ। पालिकाले निर्देशिकाले गरेको व्यवस्था वमोजिम तोकिएका सबै छात्राले समयमा नै सेनेटरी प्याड पाउने गरी व्यवस्थापन गर्नुपर्दछ।

२२ **दिवा खाजा**

२२.१ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा सामुदियक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक वर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ । जसको लागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडि निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरीएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा रहेका ४९ वटा सार्वजनिक विद्यालयहरुका ५२०९ वालबालिकालाई दिवा खाजा अनुदान रु. १,४५,४१०००.०० निकासा दिएकोमा पालिका अन्तरगतका सम्पुर्ण सार्वजनिक विद्यालयहरुले तोकिए बमोजिमको खाजा नखुवाई बालबालिकालाई नगदै रकम भुक्तानी दिएको पाईयो । सार्वजनिक विद्यालयमा विद्यार्थीको उपस्थिति वृद्धि गर्न संचालित कार्यक्रमबाट नगदै भुक्तानी दिँदा कार्यक्रमको उद्देश्य पुरा हुने नदेखिएको रू

अनियमित भएको	१,४५,४१,०००

२२.२ (✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **३,९०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२०,३७९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **८,१९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **६,४१९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **६,६२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२,४३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१२,७४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **१०३,८३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **४,४०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **२,१५३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२३ **गैह्रसरकारी संस्था मार्फत कार्य –**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम,अभिमुखीकरण,सवलीकरण,मूलप्रवाहीकरणजस्ता कार्य गैह्रसरकारी संस्थाबाट गराउँदा छिटो छरितो,प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैह्रसरकारी संस्थाबाट गराउन सक्ने व्यवस्था गरेको छ। सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९९ मा गैह्रसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता,किसिम,समयावधि,कामको गुणस्तर,जनशक्ति,कार्य संचालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको अनुगमन गरी गर्न सकिने व्यवस्था गरेको छ।नगरपालिकाले महिलासंग उपप्रमुख कार्यक्रममा देहायबमोजिमका स-साना कार्यक्रमहरु समेत गैह्रसरकारी संस्थाबाट कार्य गरेकोमा ऐन तथा नियमावलीले गरेको व्यवस्था बमोजिम उल्लेखित विषयहरुमा ध्यान पुर्‍याई कार्य गरेको देखिएन।

क्रम संख्या	भौचर नं र मिति	कामको विवरण	गैरसरकारी संस्थाको नाम	भुक्तानी रकम
१	१३३। ०८०-११-२७	महिला हिंसा न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम	लक्ष्मणघाट सामाजिक विकास केन्द्र	९७७००
२	१६६। ०८०-१२-१८	छात्राहरुका लागि आधारभूत र मा वि नगरस्तरीय वक्तित्वकला प्रतियोगिता	बैखरी मिडिया प्रा. लि	१०००००
३	२०५।०८१-१-२	१५ दिने सर्फ सम्बन्धी सीपमूलक तालिम	प्राचिन कपिलवस्तु बहुसरोकार मञ्च नेपाल	३०००००
४	२२७।०८०-१-१२	आमा समूहका महिलाहरुलाई उदघोषण कार्यक्रम	बैखरी मिडिया प्रा. लि	९९१३०
५	२२९।०८१-१-१२	सिलाई कटाई तालिम	समृद्धि मिडिया प्रकाशन	२०००००
६	२५३।०८१-१-२६	महिलाहरुका लागि उदघोषण तथा नेतृत्व विकास	सञ्चारिका समूह नेपाल	९८४००
७	३०६।०८१-२-१७	ढकिया तथा हस्तकला सामाग्री निर्माण तालिम	श्री नवज्योती महिला बहुउद्देश्यीय सहकारी संस्था लि.	२०००००
८	३५९।०८१-३-५	सिलाई कटाई तालिम	मावन अधिकारको लागि महिला एकल समूह	२२००००
९	४०३।०८१-३-११	पोते बनाउने तालिम	समृद्धि नारी जागृति समूह	२०००००
१०	४२७।०८१-३-१३	क्षमता विकास कार्यक्रम	सामुदायिक रेडियो बाणगंगा ९०.६ मेगाहर्ज	१०००००
जम्मा				१३९५२३०

२४ **बृत्तचित्र** –

नगरपालिकाले थारु जातिको पहिचान, १ नं वडा तथा ३ नं वडा कार्यालयको वृत्त चित्र निर्माणका लागि वार्षिक कार्यक्रममा बजेट विनियोजन गरी रु ४,९३,४५९।- खर्च गरेको छ।वडाको वृत्तचित्र कार्यपालिका खवर संस्थाबाट र थारु जातिको वृत्त चित्र कपिवलस्तु पब्लिक कन्सल्ट फर्म मार्फत गरी सो को प्रतिवेदन (Digital copy) प्राप्त भएको छ। सो वृत्तचित्र वापत भएको खर्च बाट सो को उपयोगिता के हुने र आगामी दिनमा त्यसबाट पर्ने प्रभाव र खर्चको उपयोगिता सम्बन्धमा पालिकाबाट स्पष्ट भएको देखिएन। दुवै कार्यक्रममा भएको खर्चको उपयोगिता स्पष्ट हुनुपर्दछ र आगामी दिनमा यस्ता खर्चलाई नियन्त्रण गर्नुपर्दछ।

२५ **प्रोत्साहन भत्ता** –

बाणगंगा नगरपालिकाको कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि,२०७९ बमोजिम नियमित कार्यालय समय भन्दा अतिरिक्त समयमा कार्यालयको कार्य गरेमा,सार्वजनिक विदाको दिनमा नगरपालिकाको कार्यक्रम,अभियानमा सहभागी भएमा,वार्षिक लक्ष्य पुरा गरेमा तथा आफ्नो कार्य विवरण अनुसारको कार्य सम्पन्न गरी अतिरिक्त थप कार्य गरेमा सम्बन्धित कर्मचारीको आधारभूत पारिश्रमिक शुरु तलब स्केल को ३० प्रतिशत बराबरको रकमलाई १०० प्रतिशत मानि मासिक मूल्यांकनको आधारमा प्रतिशत निर्धारण गरी भत्ता उपलब्ध गराउने व्यवस्था छ। नगरपालिकाले सोही कार्यविधि बमोजिम नगरपालिकाका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता स्वरुप रु ७५,००,०००।-बजेट विनियोजन गरी रु ६३,७८,०००।-खर्च गरेको छ। नगरपालिकाले मासिक रुपमा प्रोत्साहन भत्ता खर्च लेखेको र सो खर्च लेख्दा कर्मचारीले आफ्नो कार्यविवरण बाहेक थप कार्य कुन- कुन समयमा के कार्य गरेको सो को विवरण संलग्न गरेको छैन । प्रोत्साहन भत्ता खर्च लेख्दा कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने कार्यविधि,२०७९ मा उल्लेख गरेका विषयमा आधारित भई खर्च लेख्नुपर्दछ।

२६ **विभिन्न बैठक भत्ता खर्च** –

प्रदेश सरकारको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका,२०७९ को नियम ४ मा एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी मात्र सहभागी भई बस्ने बैठकमा भत्ता प्रदान गर्न पाइने छैन। कार्य प्रकृति अनुसार मितव्ययी ढङ्गले न्यूनतम संख्यामा बैठक बसी कार्य सम्पादन गर्नुपर्ने,एक दिनमा एउटा पदाधिकारी वा कर्मचारीले एक वा एक भन्दा बढी कार्यालयबाट दुईवटा भन्दा बढी बैठक भत्ताको रकम लिन नपाइने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष वोलपत्र मूल्यांकन समिति,भू-उपयोग समिति,विपन्न नागरिक सिफारिस समिति ,लोगो समिति,सामाजिक विकास समिति,कृषि कार्यदल समिति,पशु कार्यदल समिति लगायत विभिन्न समिति गठन गरी विषयगत समिति मा रु.२७,९२,४००।- सम्म बैठक भत्ता खर्च लेखेको छ। विभिन्न समितिमा समितिका पदाधिकारी लगायत उनै व्यक्तिहरु आमन्त्रित सदस्यमा राखी बैठक भत्ता खर्च लेखेको छ। पालिकाका कर्मचारी मात्र बसेको बैठकमा भत्ता प्रदान गरिएको,समिति सदस्य बाहेक प्रत्येक समितिमा आमन्त्रित सदस्य राखी भत्ता भुक्तानी भएको छ। नगरपालिकाले निर्देशिकाले गरेको व्यवस्था बमोजिम स्पष्ट विषयवस्तु ,कार्ययोजना र मितव्ययी ढङ्गले न्यूनतम रुपमा बैठक बसी कार्यसम्पादन गर्नुपर्दछ।

२७ **गँहुवाली पकेट निरन्तरता कार्यक्रम** (२७५-२०८१-३-७):

पालिकाले गँहुवाली पकेट निरन्तरता कार्यक्रम अन्तरगत श्री पटना कृषि सहकारी संस्था लि. लाई रु ५९७५००.०० र गो.भौ.नं. २७९ मिति २०८१।०३।०७ बाट कृषि, पशु तथा कृषकको लागत सहभागितामा सञ्चालित विभिन्न कार्यक्रमको लागि रू ३०७५००.०० भुक्तानी दिई २२ कृषकहरूलाई ३६०० के.जि. गहुँको वीउ वितरण गरेको छ । कार्यक्रमको विभिन्न मितिमा पालिकाका पदाधिकारी तथा कर्मचारीलाई अनुगमन भत्ताबापत रू २१०००.०० भुक्तानी भएकोमा समितिले अनुगमन प्रतिवेदन पेश गरेको छैन । त्यस्तै सहकारी संस्थाले सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरी संस्थाकै पदाधिकारी साथै पालिका जनप्रतिनिधि तथा कर्मचारीलाई सहभागिता भत्ता रु १००००.०० भुक्तानी गरेको छ । पकेट कार्यक्रमको उद्देश्य बमोजिम तोकिएको क्षेत्रमा मितव्ययी ढङ्गबाट खर्च गर्नुपर्दछ ।

२८ **मकैबाली प्रर्वद्धन कार्यक्रम**

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको खर्च तोकिएको कार्यक्रममा सोहि बमोजिम खर्च गर्नुपर्दछ । पालिकाले गो.भौ.नं. २९१ मिति २०८१।०३।१२ बाट मकैबाली प्रर्वद्धन कार्यक्रमसँग असान्दर्भिक देखिने अन्तरजिल्ला कृषक भ्रमण कार्यक्रममा रु ३५००००.०० बजेट विनियोजन गरी २७ जनालाई भ्रमण कार्यक्रममा संलग्न गराई खर्च गरेको रकम निर्देशिका बमोजिम खर्च भएको नदेखिएको रू

अनियमित भएको	३,५०,०००

२९ **कृषी पशु अनुदान -**

२९.१ कृषी क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली,मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष नगरपालिकावाट विभिन्न व्यक्ति,कृषक समूह तथा कृषि सहकारी संस्थाका लागि रु.२,९९,८४,२९९।- खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

कृषितर्फको अनुदान -

क्र.सं	कार्यक्रमसंचालनकोश्रोत	कार्यक्रमको नाम	अनुदानको किसिम	व्यक्ति / संस्था	खर्च रकम रु.
१	संघिय	खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (धान/गहु/मकै)	५० प्रतिशत लागत सहभागिता	सूचना अनुसार बीउ माग गरेका सबैकृषक// समूह/सहकारी/फर्मलाई २८५७१ के जी उनन्त बीउ उपलब्ध गराईएको	१००००००
२	संघिय	धानबाली प्रवर्द्धन कार्यक्रम	बिउ- ५० % मेसिनरी-५०% सिचाई -८५% अनुदान	जनसेवा कृषि सहकारी,वा.न.पा ७	२६१०००
३	संघिय	मकै बाली प्रवर्द्धन कार्यक्रम	बिउ- ५० % मेसिनरी-५०% सिचाई -८५% अनुदान	जनसेवा कृषि सहकारी,वा.न.पा ७र बाणगंगा एग्रो फर्म बा न पन -९ मार्पत संचालन गरिएको	९३९०००
४	संघिय	आ.व. २०७९।०८० मा स्थापना भएको गहुँ बाली पकेट विकास कार्यक्रमको निरन्तरता	बिउ- ५० % मेसिनरी-५०% सिचाई -८५% अनुदान	पटना कृषि सहकारी सं.लि.,वा.न.पा १०	५९७०००
५	संघिय	आ.व. २०७९।०८० मा स्थापना भएको तरकारी बाली पकेट विकास कार्यक्रमको निरन्तरता	बिउ- ५० % मेसिनरी-५०% सिचाई -८५% अनुदान	लोकप्रिय कृषि स.सं.लि,वा.न.पा ५	४९८०००
६	नगरस्तरीय	पचास प्रतिशत अनुदानमामागमा आधारित व्यवसायिक कृषि कार्यक्रम	५० प्रतिशत लागत सहभागिता	२५ वटा कृषक/समूह/सहकारी/ फर्मलाई अनुदान दिईएको	१७९८०००
७	नगरस्तरीय	पचहत्तर प्रतिशत अनुदानमा च्याउ बीउ बितरण तथा ढुवानी अनुदानकार्यक्रम	७५ प्रतिशत लागत सहभागिता	२१८ वटा कृषक/समूह/सहकारी/ फर्मलाई १५५०० पोका च्याउको बिउ वितरण गरिएको	५०००००
८	नगरस्तरीय	पचासी प्रतिशत अनुदानमा साना सिंचार्इ मर्मत सम्भार तथा निर्माण	१५ प्रतिशत लागत सहभागिता	२९ वटा कृषक/समूह/सहकारी/ फर्मलाई अनुदान दिईएको	२३५९०००
९	नगरस्तरीय	पचास प्रतिशत अनुदानमा बीउ उत्पादन कार्यक्रमशतप्रतिशत ढुवानी सहित (धान / गहु)	५० प्रतिशत लागत सहभागिता	बोलबम कृषि तथा पशु विकास समूह (वा न पा ६) र जनसेवा वहुउद्वेशिय सहकारी सं.लि. (वा न पा ४)	५०००००
१०	नगरस्तरीय	पचास प्रतिशत अनुदानमा उन्नत बीउ बितरण (धान/ गहु/ मकै)	५० प्रतिशत लागत सहभागिता	सुचना अनुसार बीउ माग गरेका कृषक//समूह/ सहकारी/ फर्मलाई १७०२९ के जि उन्नत बिउ वितरण गरिएको	१४९२०००
११	नगरस्तरीय	पचास प्रतिशत लागत सहभागितामा ब्यसायिक तरकारी खेतीको लागि	५० प्रतिशत लागत	कनैहाजकृषि फर्म एण्ड नर्सरी बा न पा-३ र बाणगंगा एग्रो फर्म बा न पा -९ मार्पत कार्यक्रम	५०००००

		हाईटेक टनेल निर्माण	सहभागिता	संचालन गरिएको ।	
१२	नगरस्तरीय	पचास प्रतिशत अनुदानमा मौरी गोला तथा घार वितरण कार्यक्रम ढुवानीसमेत	५० प्रतिशत लागत सहभागिता	१०० वटा मौरी गोला घार र १०५ के.जी आधारचाका वितरण गरिएको	४१९०००
१३	नगरस्तरीय	पचास प्रतिशत लागत सहभागितामा भर्मि कम्पोष्ट मल उत्पादन तथा वितरण कार्यक्रम ढुवानी समेत	५० प्रतिशत लागत सहभागिता	१ वटा कृषि सहकारी , २ वटा कृषि फर्म र १ वटा कृषक समूह लाई अनुदान दिइएको	५०००००
१४	नगरस्तरीय	डिप ट्युववेल निर्माण(वडा नं ३(निरन्तरता	२० प्रतिशत लागत सहभागिता	गंगोलिया गौतरिया कृषि सहकारी संस्था लि., बा.न. पा. ३	१००००००
१५	नगरस्तरीय	आकस्मिक वाली संरक्षण सेवा	शत प्रतिशत अनुदान	सबै वडाका रोग किराबाट समस्यामा परेका कृषकहरुलाई निशुल्क रुपमा बिषादी तथा भिटामिन बितरण गरिएको	१९९०००
१६	प्रदेश	कृषि यान्त्रीकरण	५० प्रतिशत लागत सहभागिता	४७ वटा कृषक/समूह/सहकारी/ फर्मलाई अनुदान दिईएको	१२४८०००
१७	प्रदेश	बसन्ते मकै प्रवर्द्धन कार्यक्रम (वडा नं ८)	बिउ- ५० % मेसिनरी-५०% सिचाई -८५% अनुदान	वाणगंगा नगरपालिकाको वडा नं ८ मा संचालन गरिएको	७३००००
१८	प्रदेश	सानासिचाई कार्यक्रम भेडुवा कुलो बाणगंगा-२ बाणगंगा-५ भचना-सातमुहान र बाणगंगा ६		२ वटा कृषि सहकारी र १ वटा जल उपभोक्ता समितिलाई अनुदान दिईएको	१७४००००

२९.२ **पशुतर्फको अनुदान –**

सि.नं.	कार्यक्रम संचालनको श्रोत	कार्यक्रमको नाम	अनुदानको किसिम	व्यक्ति / संस्था	रकम रु.
१	संघीय	गाई तथा भैसी प्रवर्द्धनकार्यक्रम	१०० प्रतिशत	बिहानी सामाजिक उधमी महिला कृ.स.सं.लि.बा.न.पा. ५ कोपवा	३३४५४३।४८
				समाबेशी कृषि स.सं.लि.बा.न.पा. ६ बैदौली	४५९९५६।००
२	संघीय	गौशालानिर्माण कार्यक्रम (नन्दनगर)	८५ प्रतिशत संघको तथा १५ प्रतिशत लागत सहभागिता	श्री कैलाश आश्रम तथा मनकामना दुर्गा मन्दिर वाणगंगा न. पा ०२ नन्दनगर	२०१२००० संघको तथा ३०१८०० संस्थाको समेत गरी जम्मा रु. २३१३८००।
३	नगर स्तारिय	जै घांसको बीउ खरीद,बितरण तथा ढुवानी	निशुल्क	नगरपालिकाको ११ वटैवडाहरुमा	२२५०००
४	नगर स्तारिय	बर्षिम घांसको बीउ खरीद,बितरण तथा ढुवानी	निशुल्क	नगरपालिकाको ११ वटै वडाहरुमा	५०००००
५	नगर स्तारिय	टियोसेन्टी/सुडान घांसको बीउ खरीद,बितरण तथा ढुवानी	निशुल्क	नगरपालिकाको ११ वटै वडाहरुमा	६०००००
६	नगर स्तारिय	नेपियर/स्टाइलो घांसको बीउ खरीद,बितरण तथा ढुवानी	निशुल्क	नगरपालिकाको ११ वटै वडाहरुमा	१०००००
७	नगर स्तारिय	५० प्रतिशत अनुदानमा बर्षिम घांसको बीउ खरीद तथा बितरण	५० प्रतिशत लागत सहभागिता	नगरपालिकाको बिभिन्न वडाको कृषकहरुको माग अनुसार	४०००००
८	नगर स्तारिय	५० प्रतिशत अनुदानमा टियोसेन्टी सुडान घांसको बीउ खरीद तथा बितरण	५० प्रतिशत लागत सहभागिता	नगरपालिकाको बिभिन्न वडाको कृषकहरुको माग अनुसार	२०००००
९	नगर स्तारिय	५० प्रतिशत अनुदानमा गाई/भैसी /बाख्रा/ बंगुर/ कुखुरा तथा मत्स्य फर्महरू सुधार	५०प्रतिशत लागत सहभागिता	प्रकाशित सूचनाको समय अवधी भित्र प्रस्तावपत्र पेश गरेका फर्महरुको मुल्याँकन समितिले पेशगरेको मुल्याँकनको आधारमा पशु बिकास कार्यदलको निर्णय अनुसार	२००००००
१०	नगर स्तारिय	५० प्रतिशत अनुदानमा मागमा आधारित पशुपन्छी फर्महरूमा प्रयोग हुनेसाना यान्त्रिकरण(विधुतिय चापकटर)को सामाग्रीहरू खरीद तथा बितरण	५०प्रतिशत लागत सहभागिता	प्रकाशित सूचनाको समय अवधी भित्र प्रस्तावपत्र पेश गरेका फर्महरुको मुल्याँकन समितिले पेशगरेको मुल्याँकनको आधारमा पशु बिकास कार्यदलको निर्णय अनुसार	६०००००
११		७० प्रतिशत अनुदानमा पशुपन्छीको लागी दाना उद्योग संचालनमा सहयोग		कृषितथा पशु बिकास बहु उदेश्यीय स.सं. लि. बा.न.पा.६	१००००००

	नगर स्तारिय		३०प्रतिशत लागत सहभागिता		
१२	नगर स्तारिय	७० प्रतिशत अनुदानमा दुग्ध संकलन केन्द्रको मर्मत सुधारमा सहयोग	३०प्रतिशत लागत सहभागिता	कैलाश आश्रम कृषि स.सं.लि. बा.न.पा.२	१००००००
१३	नगर स्तारिय	५० प्रतिशत अनुदानमा पशुपन्छी बिमा अनुदान कार्यक्रम	कृषकहरुले बुझाएको प्रिमियममा ५० प्रतिशत अनुदान	नगरपालिकाको ११ वटैवडाहरुमा	२०००००

३० **प्रधानमन्त्री रोजगार कार्यक्रम** –

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ९ वडामा १४ योजना सञ्चालन गरी यस वर्ष १०० जनालाई औसत ७२ दिनले ७१८८ दिन रोजगारी उपलव्ध गराई रु.४८,०२,०८०।- श्रमिक ज्याला खर्च गरेको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

३१ **बजेट संशोधन** –

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३२ (१) मा बजेट विनियोजन गर्दा बजेट विनियोजन नभएको कार्यक्रममा बजेट रकमान्तर गरी लान नसकिने व्यवस्था गरेको छ। नगरपालिकाले मिति २०८०।३।१० मा सभामा पेश गरेको बजेट तथा कार्यक्रमा बजेट व्यवस्था नभएको तर १४ औँ सभाको निर्णयबाट (हिउँदे सभाबाट) विनियोजन गरी खर्च गरेको छ।

शुरू कार्यक्रम	**बजेट**	**संशोधित कार्यक्रम**	**बजेट**
नगरकार्यपालिकाको कार्यालयको प्रवेशद्वार निर्माण	२०,००,०००।-	१० नं वडा कार्यालयको भवन तला थप	२०,००,०००।-
भूमि आयोग सँग सम्बन्धित कामका लागि आवश्यक सामाग्री खरिद,नापजाँच,फिल्ड खर्च	२५,००,०००।-	भूमि आयोग सँग सम्बन्धित कामका लागि आवश्यक सामाग्री खरिद,नापजाँच,फिल्ड खर्च भू- उपयोग योजना	१३,००,०००।- १२,००,०००।-
पारिश्रमिक कर्मचारी	२,००,००,०००।-	औद्योगिक प्रोफाइल छाडा चौपाया व्यवस्थापन वडा नं २ को कार्यालय पूर्वाधार निर्माण वडा नं ६ को कार्यालय पूर्वाधार निर्माण वडा नं ८ को कार्यालय पूर्वाधार निर्माण	५,००,०००।- ३५,००,०००।- २०,००,०००।- २०,००,०००।- २०,००,०००।-

३२ **कार्यक्रम संशोधन** –

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत वडा नं ४ को कृषि बजार पूर्वाधार निर्माण कार्यक्रममा रु ३०,००,०००।- बजेट रहेको छ। कृषि बजार अन्तर्गत पालिकाले सो कार्यक्रमबाट २ वटा हाट बजार निर्माण गरेको छ। स्वीकृत कार्यक्रम बमोजिम १ हाट बजार निर्माण गरेको खण्डमा तोकिए बमोजिम निर्माण सम्पन्न भै संचालनमा आउने अवस्थामा नगरपालिकाले योजना अधुरो रहने गरी कार्यक्रम संशोधन नगरी कार्य गराएको छ। आ. व ०८१।०८२ मा बजेट नभएको कारण योजना अधुरो रहने अवस्था छ। साल बसाली योजना रहेको अवस्थामा सोही बमोजिम योजना संचालन गरी कार्य सम्पन्न गर्नुपर्नेमा संशोधन नगरी रु २०,७२,७८०.०० मा २ हाट बजारको सम्झौता गरी कार्य गराएको रु

अनियमित भएको	२०,७२,७८०

३३ **नविकरणीय उर्जा प्रविधि कार्यक्रम** –

३९।०८१-३-२९ नगरपालिकाले स्वीकृत कार्यक्रम बमोजिम समयमा नै ठाउँको पहिचान गरी कार्यक्रम सम्पन्न गर्नुपर्दछ। नविकरणीय उर्जा प्रविधि कार्यक्रममा नगरपालिका तर्फ रु १५,००,०००।- र संघीय सरकार तर्फ रु ८,००,०००।- गरी रु २३,००,०००।- बजेट रहेको छ। पालिकाले सो बजेट बनाउँदा नै राखेको कार्यक्रम बमोजिम दुवै श्रोतबाट खर्च नगरी नगरपालिका तर्फ बाट भएको खर्च रु ९,९८,६४५।- मध्ये आ. व. को अन्तमा संघीय सरकारको बजेट बराबर रु ८,००,०००।- खर्च समायोजन गरेको छ। स्वीकृत कार्यक्रम बमोजिम कार्य नगरी नगरपालिकाले आफ्नो श्रोतवाट भएको खर्चलाइ संघीय श्रोतमा ट्रान्सफर गरेको खर्च नियमित खर्च मान्न नसकिएको रु

अनियमित भएको	८,००,०००

३४ **गौरवको आयोजना-**

नगरपालिकाको वडा नं ३ र ११ को क्षेत्रभित्र पर्ने गरी रु ४०,०४,४६,७६०।- कूल लागतमा तयार हुने कृषि उपज केन्द्रको डि. पी. आर जुन २०१९ मा तयार भएको देखिन्छ। एकीकृत कृषि बजारको रुपमा विकास गर्न खोजेको गौरवको योजना कृषि उपज केन्द्रलाई आ. व. ०८०।८१ सम्म सम्पन्न भै संचालन हुन सकेको छैन। त्यसैगरी डि. पी. आर. वमोजिम रु ५१,३६,३३,६२२।- कूल लागत रहेको वडा नं ९ मा बन्ने औद्योगिक ग्राम समेत कार्यान्वियनमा आएको छैन।नगरपालिकाको महत्वाकांक्षी योजनाको रुपमा रहेका यस्ता योजनाहरुलाई प्राथमिकताको साथ बजेट व्यवस्था गरी कार्यान्वियनमा ल्याउनुपर्दछ।

संघ तथा प्रदेशको बजेट बाट कृषि उपज केन्द्रको थोक बजार (whole sale Market) र खुद्रा बजार (Retail Market) को भवनको Structure पुरा भएको सो बाहेक Cold Store लगायत भित्री कार्य तथा बाह्य संरचनाको कार्य भएको छैन।

३५ **अधुरो कार्य** –

३५.१ सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १११ मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वियन गर्दा कार्य योजना अनुसार कार्य प्रगति भए नभएको अनुगमन गरी कार्य प्रगतिको सुनिश्चितता गर्नुपर्ने व्यवस्था छ। देहायका विद्यालयको भवन निर्माण कार्यको लागि लागत अनुमान बनाई निर्माण कार्य गरेकोमा निर्माण व्यवसायीले लागत अनुमान बमोजिम कार्य गरेको छैन।शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन निर्देशिका,२०८० को मार्गदर्शनमा भवन निर्माण कार्य सम्पन्न गर्ने गरी (झ्याल, ढोका, प्लाष्टर र रंगरोगनको कार्य बाँकी) लागत अनुमान नबनेको र लागत अनुमानमा रहेको भऱ्याङको कार्य,भऱ्याङको स्ल्याव ढलान (भऱ्याङ छोप्ने RCC ढलान) को लगायतको कार्य नभएको अवस्थामा पालिकालेदेहाय बमोजिम रु ५०,३०,५२०।- को कार्य अधुरो नै रहने गरि कार्य सम्पन्न तयार गरी भुक्तानी गरेको रु

विद्यालय	भुक्तानी रकम	निर्माण व्यवसायी
ओदारी मा. वि बाणगंगा	१२,५६,४४३।-	पी. एम कन्स्ट्रक्सन एण्ड सप्लायर्स
पंच आ. वि बैजलापुर	११,०३,३३८।-	पी. एम कन्स्ट्रक्सन एण्ड सप्लायर्स
शुद्दोधन मा. वि	२६,७०,७३९।-	गंगा निर्माण सेवा
	५०,३०,५२०।-	

अनियमित भएको	५०,३०,५२०

३५.२ नगरपालिकाले आ. व. को अन्तमा कार्य सम्पन्न गर्ने गरी समयमानै ठेक्का सम्झौता गरेको छैन। अधुरो विद्यालय भवनको लागि प्राथमिकताको साथ बजेट विनियोजन गरी कार्य सम्पन्न गर्नुपर्नेमा आ. व ०८१।८२ मा बजेट विनियोजन समेत गरेको छैन।

३५.३ त्यसैगरी फिल्ड अनुगमनको क्रममा जनज्योती मा. वि. मोतिपुरको विद्यालय भवन निर्माण कार्य लामो समय सम्म अधुरो रहेको पाइयो। आर्थिक वर्ष २०७८।०७९ मा निर्माण प्रारम्भ भएको सो भवनको ४ वटा ब्लकको निर्माण कार्यमा भवनको Structure को कार्य पुरा भएकोमा अन्य कार्य कक्षाकोठा निर्माण,प्लाष्टर ,झ्याल ढोका,रंगरोगन लगायतको कार्य सम्पन्न गरी विद्यालय भवन संचालन गर्नुपर्ने अवस्था बाँकी रहेको देखिन्छ। आ. व. ०७८।०७९ मा २ वटा ठेक्का र आ. व. ०७९।०८० मा १ ठेक्काबाट कार्य गर्दा करीब १ करोड ५० लाख सो भवन निर्माण कार्यमा खर्च भएको देखिन्छ। लामो समय सम्म अधुरो रहेको कारण विद्यालयको Structure समेत कमजोर हुने कारण सो को संरक्षण तर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ। अधुरो निर्माण कार्यलाई प्राथमिकताका साथ बजेट विनियोजन गरी निर्माण कार्य सम्पन्न गरी विद्यालय संचालनमा ल्याउनु पर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्ने देखिन्छ।

जनज्योती मा. वि मोतिपुर

३६ **अधुरा ठेक्काको कार्य स्वीकार –**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११७ (२)(क) ११ मा ९० प्रतिशत भौतिक प्रगति भएका निर्माण कार्यको ठेक्काको कार्य स्वीकार गर्न सकिने व्यवस्था छ। नगरपालिकाले तपशिल अनुसार ठेक्काको कार्य अधुरो रहेकैर न्यून प्रगति भएको अवस्थामा कार्य स्वीकार गरेको छ। अधुरो कार्य पुरा गर्न पुनः कार्यक्रम तथा बजेट व्यवस्था गर्नुपर्ने भएकोले यस्तो कार्य नियन्त्रण गरी ठेक्का सम्झौतानुसारको काम पुरा भए पछि मात्र कार्य स्वीकार गर्नु पर्दछ।

सि न	ठेक्का नं	काम	ठेक्का अंक	भुक्तानी	भुक्तानी प्रतिशत
१	६२।०८०-८१	वुद्ध रङ्गशालाको वाउण्डरी वाल	५२६३६४७	१३७४६१४	२६.१
२	८३।०८०-८१	सडक मर्मत	७६७१३७१	१८२६३२६	२३.८१
३	८४।०८०-८१	मल्टी हल तथा जग्गा विकास जनता मा. वि	२२०२९२८	११८६१९१	५३.८
४	४१।०८०-८१	लक्ष्मण घाट मा. वि भवन निर्माण	६८४७०४२	४९२४६४२	७२

३७ कार्यसम्पन्न नभएको –

३२।०८०-३-२४ सार्वजनिक खरिद ऐन ,२०६३ को दफा ५९ मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम कार्य नगरेमा सम्झौता अन्त्य गर्न सक्ने व्यवस्था छ। सोही दफाको उपदफा ३ ख मा खरिद सम्झौता बमोजिमको काम निर्माण व्यवसायीले नगरेको कारणबाट सार्वजनिक निकायलाई सो काम गर्न वा गराउनका लागि लाग्ने थप खर्च समेत सम्झौता बमोजिम कार्य नगर्ने निर्माण व्यवसायीबाट असूल उपर गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाको वडा नं ८ मोर्मी प्रतिक्षालय देखि सिरुवा टोल हुँदै थारु दिउद्धार सम्म सडक स्तरोन्नति र कालोपत्रे गर्ने कार्यको लागि रु १९,३०,७२६।- मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०८१-२-१४ मा निर्माण व्यवसायी स्मार्ट रानीमहल कन्स्ट्रक्सन सँग सम्झौता भएको छ। निर्माण व्यवसायीले लागत अनुमान वमोजिम मेशिनरी वाल ३१ मिटर घटी गरेको तथा सडक कालोपत्रे नै नगरी रु १६,८६,०९३।- बराबरको कार्य गरी भुक्तानी भएको छ। ल. ई. बमोजिम कार्य नगरी जे जति कार्य गरेको सोही आधारमा कार्य सम्पन्न गरेकोमा निर्माण कार्य अधुरो रहने गरी कार्य गरेको छ।ऐनको व्यवस्था बमोजिम बाँकी निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।

३८ पुँजीगत खर्चको अवस्था -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पूजीगत खर्च शिर्षकबाट रु.४३,४७,८९,४५७।– खर्च गरेकोमा रु. १२,८१,३८,५६८।- अर्थात् २९.४७ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु. ४,१६,८८,११२।- सोझै रु.१६,०१,११३।- र उपभोक्ता समितिबाट रु.२३,५९,८२,७५९।- को खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बाणगंगा नगरपालिका, कपिलवस्तु , बाणगंगा नगरपालिका , कपिलबस्तु

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Bhaktiram Marasini	२०८०-६-८	हाल सम्म कार्यरत
लेखा प्रमुख	keshav Raj Gaire	२०७८-१०-३	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४४६,८५५	२३,१९५,९०८	०	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					२३,६४२,७६३
प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.					४३१,१६८
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					२३,२११,५९५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३०६२८०१२७.५८	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	५९४९२४५१४.३५	**चालु खर्च**	६३५१३३८१४.९३
प्रदेश सरकारबाट अनुदान	४९२१६२४४.५	**पूँजीगत खर्च**	४३४७८९४५७
राजश्व बाँडफाँट	२२९४०२७४१.३४	**वित्तीय/अन्य व्यवस्था**	४८८१३३०१३.४२
आन्तरिक आय	५८२३७८३४.९७		
अन्य आय	५३२६७१५१०.८५		
कुल आय	१४६४४५२८४६.०१	**कुल खर्च**	१५५८०५६२८५.३५
बाँकी मौज्दात		२१२६७६६८८.२४	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।